# दिगो विकास लक्ष्य कार्यान्वयनमा संसदीय निगरानी

## (परीक्षण सूचीसहित हाते पुस्तिका)





**संघीय संसद**

राष्ट्रिय सभा

दिगो विकास तथा सुशासन समिति

# दिगो विकास लक्ष्य कार्यान्वयनमा संसदीय निगरानी

(परीक्षण सूचीसहित हाते पुस्तिका)


संघीय संसद

राष्ट्रिय सभा

दिगो विकास तथा सुशासन समिति

# दिगो विकास लक्ष्य कार्यान्वयनमा संसदीय निगरानी

**(परीक्षण सूचीसहित हाते पुस्तिका)**


| | | |
|---|---|---|
| **प्रकाशक** | : | दिगो विकास तथा सुशासन समिति, राष्ट्रिय सभा, सिंहदरबार |
| **पहिलो प्रकाशन** | : | वि.सं. २०७७ (सन् २०२०) |
| **प्रकाशन प्रति** | : | २००० |
| **प्राविधिक सहयोग** | : | संसद सहयोग परियोजना, यूएनडीपी |


| | | |
|---|---|---|
| **सर्वाधिकार ©** | : | दिगो विकास तथा सुशासन समिति |

**अस्वीकरण :** यस पुस्तकमा समेटिएका सामग्रीहरू प्रकाशकका हुन्। ती सामग्रीले प्रकाशन सहयोगी संस्थाको धारणा प्रतिनिधित्व गर्दछन् भन्ने जरूरी छैन।

अग्निप्रसाद सापकोटा
सभामुख

संघीय संसद
# प्रतिनिधि सभा

फोन नं. : ०१-४२००१५९/४२००१३७
सिंहदरबार, काठमाडौं, नेपाल



## शुभकामना

संघीय संसद अन्तरगतको राष्ट्रिय सभा, दिगो विकास तथा सुशासन समितिले दिगो विकास लक्ष्य कार्यान्वयनमा संसदीय परीक्षण सूची **(Check List)** सम्बन्धी संक्षिप्त विवरण पुस्तिका प्रकाशन गर्न लागेको थाहा पाउँदा मलाई खुसी लागेको छ।

विवरण पुस्तिकामा दिगो विकास लक्ष्य कार्यान्वयनमा संसद र संसदीय समितिको भूमिका, दिगो विकास लक्ष्यको स्थानीयकरण, दिगो विकास लक्ष्य र क्रानुनी संरचना, दिगो विकास लक्ष्य र बजेट प्रकृया एवं संसदीय निगरानी जस्ता विषय समेटिएकोले यो पुस्तिका संसद र संसदीय समितिको बारेमा चासो राख्ने सबैको लागि उपयोगी हुने विश्वास मैल लिएको छु।

विकास निर्माण प्रकृया एउटा नियमित प्रकृया हो तर पनि विकास निर्माणका कामहरु गर्दा हामीले हाम्रा क्षणिक आवश्यकतालाई पुरा गर्ने गरि मात्र गर्नु हुन्न भावी पुस्ताको आवश्यकतालाई समेत विश्लेषण गर्नु पर्ने हुन्छ । विकास दिगो र प्रभावकारी हुनुकासाथै वातावरण मैत्री र प्राकृतिक स्रोतसाधनको न्यूनतम क्षतिमा अधिकतम लाभ लिन सकिने गरि गर्नु अनिवार्य हुन्छ । सरकारले गर्ने विकास निर्माणका कामहरु वातावरण मैत्री र दिगो विकास लक्ष्य मुताविक भएको छ छैन मूल्याङ्कन गरि संरकारको काम कारवाहीहरुमा निगरानि गर्न र सरकारलाई संसद प्रति उत्तरदायी बनाउन समेत यो परिक्षण सूची उपयोगी हुने विश्वास लिएको छु।

अन्त्यमा, संसदलाई जीवन्त, गतिशील र चलायमान बनाउन एवम् दिगो विकास लक्ष्य कार्यान्वयनमा संसदीय निगरानीलाई प्रभावकारी बनाउन दिगो विकास तथा सुशासन समितिले खेलेको भूमिकाको उच्च सम्मान गर्दै सफलताको शुभकामना व्यक्त गर्न चाहन्छु।

२०७७०५।१९

अग्निप्रसाद सापकोटा

संघीय संसद

# राष्ट्रिय सभा

अध्यक्ष

फोन : ०१-४२११७५६
फ्याक्स : ०१-४२११७५३
सिंहदरबार, काठमाडौं, नेपाल

## शुभकामना



राष्ट्रिय सभा, दिगो विकास तथा सुशासन समितिले दिगो विकास लक्ष्य कार्यान्वयनमा संसदीय परीक्षण सूची सम्बन्धी संक्षिप्त विवरण पुस्तिका प्रकाशन गर्न लागेकोमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु। यस प्रकाशनले संघीय संसदका माननीय सदस्यहरू, प्रदेश सभाका माननीय सदस्य तथा कर्मचारीलगायत लाई दिगो विकास लक्ष्य कार्यान्वयन सम्बन्धमा जानकारी प्राप्त गर्न टेवा पुग्ने विश्वास लिएको छु।

यस शताब्दीको पहिलो वर्षदेखि नै सहस्राब्दी विकास लक्ष्य निर्धारण गरी प्राप्तिका कार्यक्रमहरु कार्यान्वयनमा ल्याइएको थियो। सन् २०१५ मा सहस्राब्दी लक्ष्यको अवधी समाप्त भएसँगै प्राप्त उपलब्धीहरूको जगमा परिमार्जित र परिस्कृत रुपमा विश्व विकासको साझा प्रतिबद्धता स्वरुप विकासको दिगोपनाको निम्ति सन् २०१६ देखि २०३० सम्मका लागि दिगो विकास लक्ष्य निर्धारण गरिएको हो। दिगो विकासको आर्थिक, सामाजिक र वातावरणीय, सांस्कृतिक, मानवीय, प्राविधिक पक्षलाई समेटेर तयार पारिएको दिगो विकास लक्ष्य विश्वव्यापी विकासको समय र लक्ष्यसहितको साझा मार्गचित्र हो।

नेपालको संविधानमा दिगो विकासका मूलभूत पक्षहरू समावेश भएका छन्। संविधानको प्रस्तावनामा नै सामन्ती, निरंकुश, केन्द्रीकृत र एकात्मक राज्यव्यवस्थाले सृजना गरेका सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य, आर्थिक समानता, समृद्धी र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक समाजको निर्माण गर्ने संकल्प गरिएको छ। त्यस्तै संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्ने लक्ष्य राखिएको छ।

दिगो विकासको सन् २०३० कार्यसूचीले प्रस्तुत गरेको विश्वव्यापी खाकाअनुरुप सरकारले नेपालको दिगो विकासका लक्ष्यहरू: अवस्था तथा मार्गचित्र २०१६-२०३० तयार पारेको छ। यस मार्गचित्रले नेपाललाई सन् २०३० सम्ममा न्यायपूर्ण र विकासशील मुलुक बनाउने परिकल्पना गरेको छ। समतामूलक समाज निर्माणको व्यावहारिक अभ्यास एवं सार्वजनिक निजी साझेदारीको अवधारणालाई आत्मसात गर्दै आवधिक र क्षेत्रगत योजना तथा स्थानीय तहका नीति तथा कार्यक्रमहरू दिगो विकास लक्ष्य प्राप्तितर्फ परिलक्षित हुनु अपरिहार्य छ ।

दिगो विकासको लक्ष्य कार्यान्वयन गर्ने मुख्य जिम्मेवारी सरकार हो। त्यससँगै जनताका प्रतिनिधिका रुपमा सांसद र संसदको भूमिका समेत महत्वपूर्ण छ। राष्ट्रिय सभाअन्तर्गत दिगो विकास तथा सुशासन समितिले राष्ट्रिय योजना आयोगसँगको सहकार्यमा प्रकाशित संसदीय परीक्षण सूची सम्बन्धी यस पुस्तिकाले दिगो विकास लक्ष्य प्राप्तिका लागि संसदको भूमिका, जिम्मेवारी र जवाफदेहिता कसरी निर्वाह गर्ने भन्ने बारेको सहयोग पुऱ्याउने अपेक्षा गरेको छु। साथै यस पुस्तिकाले दिगो विकास लक्ष्यलाई केन्द्रविन्दुमा राखी संसदीय अध्ययन, अनुगमनलाई प्रभावकारी बनाउन, संसदीय समितिबीच समन्वय गर्न, सरकारको नीति तथा कार्यक्रम र बजेट लगायतमा दिगो विकास लक्ष्यलाई मुल प्रवाहीकरण गर्न सहजता र सक्षमता प्रदान गर्ने विश्वास लिएको छु।

२०७७ असोज।

गणेशप्रसाद तिमिल्सिना
अध्यक्ष

संघीय संसद
राष्ट्रिय सभा

शशिकला दहाल
उपाध्यक्ष

फोन : ०१-४२००१३९
सिंहदरबार, काठमाडौं, नेपाल

प.सं.
च.नं.


# शुभकामना



दिगो विकास तथा सुशासन समितिले दिगो विकास लक्ष्य कार्यान्वयनमा संसदीय परीक्षण सूची (Check List) सम्बन्धी पुस्तिका प्रकाशन गर्न लागेकोमा शुभकामना व्यक्त गर्न चाहन्छु । यस पुस्तकले दिगो विकास लक्ष्य प्राप्तिमा संघीय संसद तथा संसदीय समितिहरुको भूमिकालाई अझ प्रभावकारी बनाउँदै दिगो विकासको लक्ष्य कार्यान्वयनमा सहयोग पुर्‍याउनेछ भन्ने मैले विश्वास लिएकी छु ।

भविष्यका पिँढीहरुको आवश्यकतासँग सम्झौता नगरीकन विकास र वातावरण बीचमा सन्तुलन र संयोजन गर्दै भावी सन्ततीको स्वच्छ वातावरण र सन्तुलित अर्थतन्त्रमा बाँच्ने मौलिक हकको सुनिश्चितता साथ अहिलेको पुस्ताको गुणस्तरीय र समृद्ध जीवन अभिवृद्धि गर्ने मान्यता नै दिगो विकास हो ।

संयुक्त राष्ट्र संघीय साधारण सभाबाट सन् २०१५ मा १७ लक्ष्य, १६९ परिमाणात्मक लक्ष्य र २३० सूचकहरु नै दिगो विकासको लक्ष्य हुन् । नेपालले १५ औ योजनामा **"समृद्ध नेपाल, सुखी नेपाली"** को दीर्घकालीन लक्ष्यसहित दिगो विकासका अन्य लक्ष्यहरुलाई समाहित गरि राष्ट्रिय विकासका योजनाहरु निर्धारण गरेको छ । यस अनुसार आयमा वृद्धि, गुणस्तरीय मानव पूँजी निर्माण र आर्थिक जोखिमको न्यूनीकरण गर्दै वि.सं. २०७९ सम्ममा अति कम विकसित देशबाट विकासशील देशमा स्तरोन्नति गर्ने र वि.स. २०८७ सम्ममा दिगो विकासको लक्ष्य हासिल गर्दै उच्च मध्यम आय स्तर भएको मुलुकमा स्तरोन्नति हुने गरि दीर्घकालीन लक्ष्य निर्धारण गरेको छ ।

व्यवस्थापिका संसद कानून निर्माण गर्ने, सरकार निर्माण तथा सरकारको काम कारवाहीको निगरानी गर्ने तथा जनताको प्रतिनिधित्व गर्ने संस्था हो । दिगो विकासका लक्ष्य समेटी कानून निर्माण गर्ने, लक्ष्य अनुरुप सरकारले कार्य गरे नगरेको निगरानी र खबरदारी गर्ने भूमिका संसद र संसदीय समितिको हुन्छ । संघीय संसद तथा संसदीय समितिहरुमा पेस भएका वा हुने विधेयक, संसदमा नेपाल सरकारबाट पेस हुने नीति तथा कार्यक्रम, बजेट आदि दिगो विकास लक्ष्य अनुरुप भए नभएको मूल्यांकन गर्ने आधार प्रदान गर्ने उद्देश्यसहित प्रकाशन गर्न लागिएको प्रस्तुत पुस्तकले संसद, संसदीय समिति लगायत सरोकारवाला सबैका लागि उपयोगी सावित हुन सकोस् भन्ने शुभकामना व्यक्त गर्न चाहन्छु ।

०७ आश्विन २०७७

शशिकला दहाल

मा. तारा देवी भट्ट
सभापति,
दिगो विकास तथा सुशासन समिति
राष्ट्रिय सभा
संघीय संसद, नेपाल

Hon.Tara Devi Bhatt
ChairPerson,
Sustainable Development and Good Governance Committee
National Assembly
Federal Parliament, Nepal



# प्राक्कथन

पृथ्वी र मानिसको भविष्यका लागि दिगो विकास अत्यावश्यक छ। यो अन्तर्दृष्टि दिगो विकासका लागि सन् २०३० को एजेन्डामा प्रस्तुत गरिएको छ, जसलाई सन् २०१५ मा संयुक्त राष्ट्रसंघका सबै सदस्य राष्ट्रहरूले अनुमोदन गरेका छन्।

दिगो विकासका लक्ष्यहरूको कार्यान्वयन गर्ने जिम्मेवारी मूलतः सरकारमा रहेको हुन्छ। सरकारका काम कारबाहीहरूलाई प्रभावकारी बनाउन, दिगो. विकास लक्ष्यको कार्यान्वयनमा सहयोग पुऱ्याउन र त्यसको कार्यान्वयन गर्न संसदको महत्वपूर्ण जिम्मेवारी रहन्छ। एजेन्डा २०३० को घोषणापत्रले "कानूनको तर्जुमा र बजेटको अवलम्बन र प्रतिबद्धताहरूको प्रभावकारी कार्यान्वयनमा जवाफदेहिता सुनिश्चित गर्नेमा सांसदहरूको भूमिका" लाई स्वीकार गर्दछ।

दिगो विकासका कतिपय लक्ष्यहरू नीतिगत व्यवस्थाद्वारा पनि हासिल गर्न सकिन्छ। संसद कानून तथा नीति निर्माण गर्ने सर्वोच्च थलो हो। यसकारण पनि दिगो विकास लक्ष्य हासिल गर्न संसदको महत्वपूर्ण भूमिका रहन्छ। बार्षिक कार्ययोजना अनुसार समितिका सांसदहरूले बिधेयकहरूलाई दिगो विकासको आयामबाटं विश्लेषण गर्न र संसदीय भूमिका थप प्रभावकारी बनाउन व्यापक छलफल गरी एउटा समग्र हाते पुस्तिका बनाउनु पर्ने आवश्यकता महसुस गर्नु भयो। समितिले थुप्रै बैठकहरू बसी योजना आयोग र विषय बिज्ञहरूको समेत राय, सल्लाह र सहयोग लिई टुंगोमा पुग्ने निर्णय भए अनुसार योजना आयोगका मा. उपाध्यक्षको नेतृत्वको टीमसंग विशेष बैठकको आयोजना गरि प्रक्रिया अघि बढेको थियो। सोहि अनुसार राष्ट्रिय सभा अन्तर्गतको दिगो विकास तथा सुशासन समितिको पहलकदमी स्वरूप प्रस्तुत परीक्षण सूची तयार भएको छ। विधि निर्माणमा दिगो विकास लक्ष्यको परिप्रेक्ष्यलाई समेत दृष्टिगत गर्ने उद्देश्यले समितिकै नेतृत्वमा समितिका माननीय सांसदज्यूहरूको प्रत्यक्ष संलग्नतामा तयार भएको यस प्रकारको अग्रणी (Pioneering) एवं नवीन कार्य सम्भवतः पहिलो नै हो। समितिले निर्देशित गरेको सैदान्तिक मार्गचित्रको परिधिभित्र रही राष्ट्रिय योजना आयोगको संलग्नतामा हामीलाई प्राविधिक सहयोग गर्नु भएकोमा संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम, संसद सहयोग परियोजनालाई धन्यबाद ब्यक्त गर्दछु।

दिगो विकास लक्ष्यमा संसद र् सांसदको भूमिकालाई सहजीकरण गर्न सहयोग पुऱ्याउने उद्देश्यले यो दिगो विकास लक्ष्यसम्बन्धी परीक्षण सूचीसहितको हाते-पुस्तिका तयार गरिएको छ। यसै गरि यस पुस्तिका प्रकाशनमा सहयोग पुऱ्याउनु हुने समितिका माननीय सदस्यहरू, योजना आयोगमा प्रतिनिधिहरू, विषय बिज्ञ महानुभावहरू, सचिवालय सम्बद्ध कर्मचारी एवं सहयोगी सबैको सहयोग प्रति पनि धन्यवाद प्रकट गर्दछु।

असोज २०, २०७७

(मा.तारा देवी भट्ट)
सभापति

+९७७ -९८४८७२४२६२
+९७७-१-४२११७७६ (कार्यालय)
+९७७-१-५५९३१२६ (निवास)
mp.taradevi@parliament.gov.np
bhatttaradevi@gmail.com
http://na.parliament.gov.np/np
+977-9848724262
+977-1-4211776

नेपाल सरकार

# राष्ट्रिय योजना आयोग

सिंहदरबार, काठमाण्डौ

प्रा.डा. पुष्पराज कडेल

उपाध्यक्ष



**मन्तव्य**

संयुक्त राष्ट्रसंघको महासभाबाट पारित दिगो विकासका लक्ष्य कार्यान्वयन गर्न सन् २०१५ मा विश्वका १९३ राष्ट्रसँगै नेपालले प्रतिबद्धता जनाएको थियो। यस दिगो विकासको एजेण्डा २०३० मा सबै प्रकारका गरिबीको उन्मूलन गरी मानव, पृथ्वी र समृद्धिका लागि समान, न्यायपूर्ण र सुरक्षित भविष्य निर्माण गर्ने विश्वव्यापी मार्गदर्शनका विषयहरु रहेका छन् र यसमा नेपाल प्रतिवद्ध रहदैं आएको छ।

दिगो विकास लक्ष्यलाई आत्मसाथ गरेसँगै सो बमोजिम सन् २०३० सम्ममा तोकिएका लक्ष्य र गन्तव्य हासिल गर्दै समृद्धिको सिर्जना गर्ने, वितरण गर्ने र दिगो बनाउन नीति, कार्यक्रम तथा आयोजनाहरु केन्द्रित भएका छन्। नेपालले चौधौं योजनादेखि नै दिगो विकास लक्ष्यलाई आन्तरिकीकरण गर्दै आएको छ। गत आर्थिक वर्षबाट कार्यान्वयनमा आएको दीर्घकालीन सोच सहितको पन्ध्रौं योजनालाई दिगो विकास लक्ष्यसँग सामञ्जस्य हुने गरी तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ। यसै अनुरुप मध्यकालीन खर्च संरचना, वार्षिक विकास कार्यक्रम तथा बजेट तर्जुमा एवम् कार्यक्रम तथा आयोजना दिगो विकास लक्ष्य अनुसार बजेट सांकेतीकरण र तदनुरुप बजेट विनियोजन गर्ने कार्य हुदैं आएको छ।

दिगो विकास लक्ष्य एकआपसमा सम्बन्धित छन् र राज्यका सबै अंग, निकाय तथा विषय क्षेत्रसँग अन्तरसम्बन्धित छन्। यसै सन्दर्भमा राष्ट्रिय योजना आयोगले राष्ट्रिय सभा दिगो विकास तथा सुशासन समितिसँग सहकार्य गर्दै आएको छ। सम्मानित संसद तथा माननीय संसद सदस्यज्यूहरुको भूमिकालाई सहजीकरण गर्ने उद्देश्यले तयार पारिएको यस दिगो विकास लक्ष्यसम्बन्धी परीक्षण सूची हाते-पुस्तिकाले अवश्य पनि दिगो विकास लक्ष्य कार्यान्वयन तथा अनुगमनमा थप सहयोग पुग्ने अपेक्षा गरेको छु।

साथै विश्वव्यापी महामारीको रुपमा फैलिइरहेको कोरोना भाइरस संक्रमण (कोभिड-१९) का कारण कठिन अवस्था सिर्जना भएकोले दिगो विकास लक्ष्य समयमै प्राप्त गर्नु चुनौतीपूर्ण रहेको छ। यस महामारीका कारण दिगो विकास लक्ष्य कार्यान्वयन, स्रोत व्यवस्थापन, दिगो विकास लक्ष्य स्थानीयकरण तथा प्रगति अनुगमन लगायतका कार्यमा थप मेहनत गर्नुपर्ने देखिएको छ।

यस हाते पुस्तिकाको मस्यौदा गर्न जिम्मा दिनुभएकोमा म संघीय संसद, राष्ट्रिय सभाअन्तर्गतको दिगो विकास तथा सुशासन समितिलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु। अन्त्यमा, दिगो विकास लक्ष्य कार्यान्वयनमा संसद र संसदीय समिति तथा माननीय संसद सदस्यज्यूहरुको सक्रिय भूमिका रहने विश्वास लिएको छु।

२०७७ असोज

प्रा.डा. पुष्पराज कडेल

# समितिका सभापति एवं सदस्यहरु

## पहिलो कार्यकाल

### सभापति

**माननीय तारा देवी भट्ट**

### सदस्यहरु

- माननीय कमला कुमारी ओली
- माननीय कविता बोगटी
- माननीय काली बहादुर मल्ल
- माननीय खिम कुमार वि.क.
- माननीय चक्र प्रसाद स्नेही
- माननीय दीनानाथ शर्मा
- माननीय प्रमिला कुमारी
- माननीय भैरव सुन्दर श्रेष्ठ
- माननीय महेश कुमार महरा
- माननीय मुक्ता कुमारी यादव
- माननीय डा. विमला राई पौड्याल
- माननीय रमेश जंग रायमाझी
- माननीय सरिता प्रसाई

## वर्तमान कार्यकाल

### सभापति

**माननीय तारा देवी भट्ट**

### सदस्यहरु

- माननीय कविता बोगटी
- माननीय गंगा कुमारी वेल्वासे
- माननीय चक्र प्रसाद स्नेही
- माननीय जग प्रसाद शर्मा
- माननीय दीनानाथ शर्मा
- माननीय नन्दा चपाई
- माननीय विमला घिमिरे
- माननीय महेश कुमार महरा
- माननीय माया प्रसाद शर्मा
- माननीय रमेश जंग रायमाझी
- माननीय सिंग बहादुर विश्वकर्मा
- माननीय शारदा देवी भट्ट

# विषयसूची


**परिच्छेद १ परिचय तथा अवधारणा**

| | | |
|---|---|---|
| १.१ | पृष्ठभूमि | १ |
| १.२ | विवरण पुस्तिकाको उद्देश्य | २ |
| १.३ | दिगो विकास लक्ष्य | ३ |

**परिच्छेद २ राष्ट्रिय योजना र दिगो विकास लक्ष्य**

| | | |
|---|---|---|
| २.१ | राष्ट्रिय योजना र दिगो विकास | ५ |
| २.२ | दिगो विकास लक्ष्यको स्थानीयकरण | ६ |

**परिच्छेद ३ दिगो विकासमा संसद र सांसदको भूमिका**

| | | |
|---|---|---|
| ३.१ | संसदको भूमिका | ८ |
| ३.२ | दिगो विकासमा व्यवस्थापिकाको भूमिका | ९ |
| ३.३ | दिगो विकास लक्ष्य र कानूनी संरचना | १० |
| ३.४ | दिगो विकास लक्ष्य र बजेट प्रक्रिया | ११ |
| ३.५ | संसदीय समितिको भूमिका | १३ |

**परिच्छेद ४ दिगो विकास परीक्षण सूची**

| | | |
|---|---|---|
| ४.१ | परीक्षणका आधारभूत पक्ष | १५ |
| ४.२ | परीक्षण सूची | १६ |
| ४.३ | अनुगमन तथा मूल्याङ्कन | ३७ |
| ४.४ | संसदीय निगरानी | ३७ |

**परिच्छेद ५ दिगो विकास लक्ष्यका साझा आधार** ३८

**अनुसूचीहरू**

| | |
|---|---|
| १. सन्दर्भ ग्रन्थ सूची | ४१ |
| २. प्रदेश र स्थानीय तहको अधिकार तथा दिगो विकासका लक्ष्यहरू | ४२ |
| ३. विधेयकसाथ संलग्न हुने दिगो विकास लक्ष्यसम्बन्धी टिप्पणी | ४६ |

परिच्छेद १

# परिचय तथा अवधारणा

## १.१ पृष्ठभूमि

सन् १९९२ को रियो अर्थ समिट अर्थात् एजेन्डा-२१ हुँदै सन् २००० मा सहस्राब्दी विकास लक्ष्यको परिमार्जित र परिस्कृत स्वरूप दिगो विकास लक्ष्य हो । एजेन्डा-२१ को मूल आधार वातावरणीय पक्ष रहेको थियो । खण्डीकृत आधारलाई व्यापकता दिंदै सहस्राब्दी विकास लक्ष्यले अल्पविकसित र विकासशील राष्ट्रहरूलाई केन्द्रविन्दुमा राख्ने सोचका साथ अगाडि बढाइएको पहल थियो । यी दुई पहलहरूबाट समेत पाठ सिक्दै संयुक्त राष्ट्रसंघका १९३ सदस्य राष्ट्रहरूको सहभागितामा जनवरी १, २०१६ देखि दिगो विकास लक्ष्य कार्यान्वयनमा आएको छ ।

नेपालको संविधानको निर्माण र दिगो विकासका लक्ष्यहरूको घोषणा साथसाथै जस्तो भएका थिए । नेपालको संविधानले दिगो विकासका मूलभूत पक्षहरु समाहित भएका छन् । संविधानमा व्यवस्था गरिएका नागरिकका मौलिक हक, राज्यका नीतिहरु देशलाई समुन्नत तथा मध्यम आय भएको मुलुकमा छिटो परिणत गर्ने देशको मार्गचित्रअनुरूप रहेका छन् । दिगो विकासको सन् २०३० कार्यसूचीले प्रस्तुत गरेको विश्वव्यापी खाकाअनुरूप सरकारले नेपालको दिगो विकासका लक्ष्यहरुः अवस्था तथा मार्गचित्र २०१६-२०३० तयार पारेको छ । यस मार्गचित्रले नेपाललाई सन् २०३० सम्ममा न्यायपूर्ण र विकासशील मुलुक बनाउने परिकल्पना गरेको छ ।

दिगो विकासका १७ लक्ष्य र १६९ परिमाणात्मक लक्ष्य (Target) हरूको कार्यान्वयनमा राज्य पक्ष र गैरराज्य (राज्यबाहिरका) पक्षको भूमिका अपेक्षाकृत रहेको छ । दिगो विकास लक्ष्य कार्यान्वयनमा सांसद र संसदको भूमिका प्रारम्भिक चरणदेखि नै अहम् मानिएको छ ।

संघीय संसदको राष्ट्रिय सभालाई प्रदेश र स्थानीय तहको प्रतिनिधि संस्थाका रूपमा संविधानतः मान्यता प्रदान गरिएको छ । राष्ट्रिय सभाका कुल ५९ सदस्यहरूमध्ये ५६ जना प्रदेश र स्थानीय तहबाट चुनिएर आउने हुँदा राष्ट्रिय सभा संघीय संसदमा प्रदेशको "ट्रस्टी" पनि हो ।

दिगो विकास लक्ष्य कार्यान्वयनको सिलसिलामा राष्ट्रिय योजना आयोगबाट भएका कार्यको अतिरिक्त दिगो विकासलाई मूल प्रवाहीकरण गर्दै लैजानका लागि राष्ट्रिय योजना आयोगलाई नै संयोजनकारी निकाय (Focal Agency) को भूमिकामा राखिएको छ ।

राष्ट्रिय सभाअन्तर्गतको दिगो विकास तथा सुशासन समितिको पहलमा राष्ट्रिय योजना आयोगको सहजीकरणमार्फत संघीय संसदमा पेस हुने विधेयकलगायतका संसदीय भूमिका (उदाहरणका लागि छलफल, परामर्श, प्रश्नोत्तर, शून्य समय, विशेष समय, सार्वजनिक महत्त्वको प्रस्ताव, संकल्प प्रस्ताव आदि), जिम्मेवारी र जवाफदेहिता निर्वाह गर्दा दिगो विकास लक्ष्यको स्थान के कस्तो रहनुपर्दछ भन्नेबारे संसद संसदीय समिति र संसदको प्रयोजनका लागि परीक्षण सूची (Check list) सहितको यो संक्षिप्त विवरण पुस्तिका तयार गरिएको छ ।

### १.३ विवरण पुस्तिकाको उद्देश्य

(१) प्रस्तुत विवरण पुस्तिकाको मूल उद्देश्य देहायअनुसार रहेको छः

- (क) संघीय संसद तथा संसदीय समितिहरूमा पेस भएका वा हुने विधेयक के कति हदसम्म दिगो विकास लक्ष्यअनुरूप भए नभएको मूल्यांकन गर्ने आधार प्रदान गर्ने ।
- (ख) अन्तरसंसदीय समितिबीच समन्वय कायम गर्ने प्रक्रिया तय गर्ने ।
- (ग) संसदमा नेपाल सरकारबाट पेस हुने नीति तथा कार्यक्रम, बजेटलगायतका विनियोजन शीर्षकका छलफलमा दिगो विकास लक्ष्यलाई मूल प्रवाहीकरण गर्न संसद र समितिलाई सक्षम बनाउने ।
- (घ) दिगो विकास लक्ष्यलाई केन्द्रविन्दुमा राखी संसदीय अनुगमनलाई प्रभावकारी बनाउने ।
- (ङ) संसदीय समितिको आन्तरिक र बाह्य सञ्चार (सरकार, गैरसरकारी निकाय, सार्वजनिक पहुँच आदि) क्षमता प्रभावकारी बनाउने ।

(२) दिगो विकास लक्ष्य करिब एक दशक अवधिसम्म रहने भएकाले यो लक्ष्यले कम्तीमा २ वटा आवधिक योजना र निर्वाचनको क्रमलाई पार गर्नेछ । तसर्थ, प्रस्तुत विवरण पुस्तिका केवल आधार पुस्तिकाका रूपमा रहनेछ । परिवर्तित अवस्था र सन्दर्भको परिप्रेक्ष्यमा यो पुस्तिकाको परिमार्जन अपेक्षाकृत रहनेछ ।

## १.३ दिगो विकास लक्ष्य[१]

तालिका १

| | |
|---|---|
| लक्ष्य १ | हरेक क्षेत्रमा रहेको सबै स्वरूपहरूको गरिबीको अन्त्य गर्ने, |
| लक्ष्य २ | भोकमरीको अन्त्य गर्ने, खाद्य सुरक्षा तथा उन्नत पोषण सुनिश्चित गर्ने र दिगो कृषिको प्रवर्द्धन गर्ने, |
| लक्ष्य ३ | सबै उमेर समूहका व्यक्तिका लागि स्वस्थ जीवन सुनिश्चित गर्दै समृद्ध जीवनस्तर प्रवर्द्धन गर्ने, |
| लक्ष्य ४ | समावेशी तथा न्यायोचित र गुणात्मक शिक्षा सुनिश्चित गर्दै सबैका लागि जीवनपर्यन्त सिकाइका अवसरहरू प्रवर्द्धन गर्ने, |
| लक्ष्य ५ | लैंगिक समानता हासिल गर्ने र सबै महिला, किशोरी र बालबालिकालाई सशक्त बनाउने, |
| लक्ष्य ६ | सबैका निम्ति खानेपानीको र सरसफाइको उपलब्धताका साथै यसको दिगो व्यवस्थापन सुनिश्चित गर्ने, |
| लक्ष्य ७ | धान्न/बेहोर्न सकिने, भरपर्दो, दिगो र आधुनिक ऊर्जामा सबैको पहुँच सुनिश्चित गर्ने, |
| लक्ष्य ८ | स्थिर, समावेशी र दिगो आर्थिक वृद्धि, पूर्ण तथा उत्पादनशील रोजगारी र मर्यादित कामलाई प्रवर्द्धन गर्ने, |
| लक्ष्य ९ | उत्थानशील (Resilient) पूर्वाधारको निर्माण गर्ने, समावेशी तथा दिगो औद्योगिकीकरणको प्रवर्द्धन गर्ने र नवप्रवर्तनलाई प्रेरित गर्ने, |
| लक्ष्य १० | देशभित्र तथा देशहरूबीचको असमानता हटाउने, |

१. नेपाल दिगो विकास लक्ष्यहरू वर्तमान अवस्था र भावी मार्गचित्र २०१६-२०३०, पृष्ठ ४१

| | | |
|---|---|---|
| लक्ष्य ११ | | सहरहरू र मानव बस्तीहरूलाई समावेशी, सुरक्षित, उत्थानशील र दिगो बनाउने, |
| लक्ष्य १२ | | दिगो उपभोग र उत्पादन ढाँचाहरू सुनिश्चित गर्ने, |
| लक्ष्य १३ | | जलवायु परिवर्तन र यसको प्रभावहरूसँग जुझ्न तत्काल कार्य अघि बढाउने, |
| लक्ष्य १४ | | दिगो विकासका निम्ति महासागरहरू, समुद्रहरू र सामुद्रिक स्रोतहरू संरक्षण गर्ने र दिगो रूपमा प्रयोग गर्ने, |
| लक्ष्य १५ | | पृथ्वीको भूपरिधिस्तरीय परिस्थितिकीय प्रणालीहरूको दिगो उपयोग, पुनःस्थापना गर्ने, वनको दिगो रूपमा व्यवस्थापन गर्ने, मरुभूमीकरणविरुद्ध लड्ने र जमिनको क्षयीकरण रोक्नुका साथै यसलाई उल्ट्याउने साथै जैविक विविधताको ह्रासलाई रोक्ने, |
| लक्ष्य १६ | | दिगो विकासका निम्ति शान्तिपूर्ण र समावेशी समाजहरूको प्रवर्द्धन गर्ने, न्यायमा सबैको पहुँच सुनिश्चित गर्ने र सबै तहहरूमा प्रभावकारी, जवाफदेही र समावेशी संस्थाको स्थापना गर्ने, |
| लक्ष्य १७ | | दिगो विकासका लागि कार्यान्वयनका उपायहरू !साधनहरूलाई सुदृढ गर्ने र अन्तर्राष्ट्रिय साझेदारीलाई पुनः जीवन्त तुल्याउने । |

परिच्छेद १

# राष्ट्रिय योजना र दिगो विकास लक्ष्य

## १.१ राष्ट्रिय योजना र दिगो विकास

दिगो विकासका लक्ष्यहरु नेपालको संविधानमा व्यवस्था गरिएका नागरिकका मौलिक हकका साथै देशलाई समुन्नत तथा मध्यम आय भएको मुलुकमा छिटो परिणत गर्ने देशको मार्गचित्रअनुरूप रहेका छन् ।

नेपालले दिगो विकास लक्ष्यलाई मुलुकको आर्थिक, सामाजिक र पर्यावरणीय परिवेशअनुसार चौधौं योजनादेखि नै आन्तरिकीकरण गरी कार्यान्वयन सुरू गरेको हो । राष्ट्रिय योजना आयोगले दिगो विकासका लक्ष्य पूरा गर्ने र कार्यान्वयनका लागि पन्ध्रौं योजनासँग तादात्म्यता मिलाउने कार्य गरिसकेको छ । "***समृद्ध नेपाल सुखी नेपाली***" को दीर्घकालीन लक्ष्यसहितको पन्ध्रौं योजनाले दिगो विकासका लक्ष्यहरूलाई समाहित गरी राष्ट्रिय विकासका आकांक्षाहरु निर्धारण गरेको छ । यसअनुसार आयवृद्धि, गुणस्तरीय मानव पुँजी निर्माण र आर्थिक जोखिमको न्यूनीकरण गर्दै वि.सं. २०७९ सम्ममा अति कम विकसित देशबाट विकासशील देशमा स्तरोन्नति गर्ने र वि.सं. २०८७ सम्ममा दिगो विकास लक्ष्य हासिल गर्दै उच्च मध्यम आयस्तर भएको मुलुकमा स्तरोन्नति हुने गरी दीर्घकालीन सोचको परिदृश्य तय/निर्धारण गरेको छ ।

**तालिका २ : पन्ध्रौं योजनाका दीर्घकालीन राष्ट्रिय लक्ष्य र दिगो विकास लक्ष्य**

| क्र.सं. | दीर्घकालीन राष्ट्रिय लक्ष्य | | दिगो विकासका लक्ष्यहरु |
|---|---|---|---|
| १. | समृद्धि | सर्वसुलभ आधुनिक पूर्वाधार एवम् सघन अन्तर आबद्धता | ९, ११ |
| २. | | मानव पुँजी निर्माण तथा सम्भावनाको पूर्ण उपयोग | ८, ४ |
| ३. | | उच्च र दिगो उत्पादन तथा उत्पादकत्व | ८, ९, २ |
| ४. | | उच्च र समतामूलक राष्ट्रिय आय | १, १० |

| क्र.सं. | दीर्घकालीन राष्ट्रिय लक्ष्य | | दिगो विकासका लक्ष्यहरू |
|---|---|---|---|
| ५. | सुख | परिस्कृत तथा मर्यादित जीवन | १, २, ३, ४, ५ |
| ६. | | सुरक्षित, सभ्य र न्यायपूर्ण समाज | १० |
| ७. | | स्वस्थ र सन्तुलित पर्यावरणीय पद्धति | १३, १५ |
| ८. | | सुशासन र सबल लोकतन्त्र र राष्ट्रिय एकता, सुरक्षा र सम्मान | १६, १७ |

दिगो विकासका लक्ष्यहरू हासिल गर्न सरकारको एकल प्रयासले मात्र सम्भव छैन, सबैको सामूहिक प्रयास (Whole of the Government Approach) आवश्यक पर्दछ । दिगो विकास लक्ष्यको कार्यान्वयनका लागि नेपाललाई २०२४.८ अर्ब रूपैयाँ आवश्यक पर्ने हुन्छ, जुन देशको कुल गार्हस्थ्य उत्पादनको ४८ प्रतिशत जति हुन जान्छ । यसको ५४.८ प्रतिशत सार्वजनिक, ३६.५ प्रतिशत निजी, ४.४ प्रतिशत घरपरिवार ४.३ प्रतिशत सहकारी र गैरसरकारी क्षेत्रबाट योगदान हुने प्रक्षेपण रहेको छ । दिगो विकास लक्ष्य पूरा गर्न आवश्यक रकममा करिब ५८५ अर्ब रूपैयाँ नपुग (लगानीको आवश्यकता र उपलब्ध स्रोतका बीचको अन्तर) रहेको छ, जसमा सरकारका तर्फबाट २१८ अर्ब र निजी क्षेत्रबाट ३६६ अर्ब थप जुटाउनुपर्ने अवस्था छ ।

## १.१ दिगो विकास लक्ष्यको स्थानीयकरण

दिगो विकास लक्ष्य प्राप्तिमा संघ, प्रदेश र स्थानीय तहका सरकारको जिम्मेवारी रहन्छ । संविधानले निर्धारण गरेको अधिकारको सूचीबमोजिम दिगो विकासका लक्ष्यहरूको जिम्मेवारी पनि तत् तत् तहका सरकारकै काँधमा रहन्छ । अतः तीनै तहका सरकारहरूको क्रियाशीलबाट मात्रै दिगो विकासको सफल कार्यान्वयन र लक्ष्य प्राप्ति हुन सक्दछ । दिगो विकास लक्ष्यको कार्यान्वयनका क्रममा नेपालले निर्धारण गरेको कुल ४७९ परिमाणात्मक सूचकहरूमध्ये प्रदेश तहसँग प्रत्यक्ष तक्ष्य सम्बन्धित सूचकहरू ११७ पहिचान भएका छन् भने स्थानीय तहसँग सम्बन्धित सूचकहरूको संख्या ११८ रहेको छ ।

दिगो विकास लक्ष्यलाई आन्तरिकीकरण गर्ने गरी प्रदेश र स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन निर्माण भई कार्यान्वयनमा आएको छ । यसअनुसार ६ वटा प्रदेशहरूले आवधिक योजना निर्माण गरी कार्यान्वयन आरम्भ गरेका छन् भने सुदूरपश्चिम प्रदेश आवधिक विकास योजना निर्माणको अन्तिम चरणमा

रहेको छ । यसैगरी स्थानीय तहहरूले समेत आवधिक योजना तर्जुमा गर्ने कार्यलाई तीव्रता दिइरहेका छन् ।

नेपालको संविधान तथा कानूनहरूले प्रदेश र स्थानीय तहमा प्रदान गरेको अधिकार र दिगो विकासका लक्ष्यबीच बलियो सम्बन्ध रहेको र दिगो विकासका सबै १७ लक्ष्य हासिल गर्न प्रदेश र स्थानीय तहको भूमिका र जिम्मेवारी रहेका (अनुसूची (२) ले यी लक्ष्य हासिल गर्न तीनै तहका सरकारहरूले कानूनी तथा संस्थागत संरचना, स्रोत साधनको व्यवस्थापन तथा प्राथमिकता र निरन्तर अनुगमन र मूल्याङ्कन गर्दै आपसी तादात्म्यता, सहकार्य र समन्वयका साथ अघि बढ्न आवश्यक छ ।

परिच्छेद ३

# दिगो विकासमा संसद र सांसदहरूको भूमिका

## ३.१ संसदको भूमिका

लोकतान्त्रिक प्रणालीमा संसद भनेको जनताको सर्वोच्च प्रतिनिधि संस्था हो । यसबाट नै सर्वसाधारणको सार्वभौमिकता अभिव्यक्त हुन्छ । संसद नै जनताको सर्वोच्चताको प्रतिविम्ब हुने गर्दछ ।

प्रजातान्त्रिक अभ्यास गर्ने मुलुकहरूमा व्यवस्थापिका अर्थात् संसद जनताबाट चुनिएका प्रतिनिधिहरूद्वारा गठन हुने गर्दछ । नेपालको संविधानको धारा ८३ बमोजिम नेपालमा व्यवस्थापिकीय अंगका रूपमा संघीय संसद रहेको छ । नेपालको संघीय संसद प्रतिनिधिसभा र राष्ट्रिय सभा गरी दुई सदनात्मक रहेको छ । यसैगरी प्रदेश र स्थानीय तहमा समेत व्यवस्थापिकाहरू रहेका छन् ।

संघीय संसदको मूल कार्य संघीय कानून निर्माण गर्ने हो । यसका अतिरिक्त संघीय कार्यपालिकालाई आफूमार्फत जनताप्रति उत्तरदायी बनाउनु पनि संघीय संसदको अत्यन्तै महत्त्वपूर्ण कार्य हो । संघीय संसदले संसदले बनाएका कानून नेपालभरि लागू हुन्छन् र प्रदेश तथा स्थानीय तहका व्यवस्थापिकीय अंगहरूले बनाउने कानूनहरूसमेत संघीय कानूनको अधीनमा रहनुपर्ने संवैधानिक व्यवस्था रहेको छ । प्रदेशसभा तथा स्थानीय तहका सभाहरूले संविधानको अधिकार सूचीभित्र रही तत् तत् तहका कानूनहरू निर्माण गर्ने र कार्यपालिकालाई उत्तरदायी बनाउने कार्य गर्दछन् ।

संसदीय कार्यक्षेत्रलाई मूलतः ३ भागमा विभक्त गर्न सकिन्छ–



**(क) कानून निर्माण:** संसदको प्रमुख काम कानून निर्माण हो । अर्को शब्दमा भन्दा कानून निर्माण, यसअनुसार विधिको शासन स्थापना गर्नु जनताद्वारा निर्वाचित संसदको प्रमुख जिम्मेवारी हो । संविधानतः कानुन निर्माण गर्ने जिम्मेवारी संसदमा, कानुनको कार्यान्वयन गर्ने जिम्मेवारी कार्यपालिकामा र त्यसको व्याख्या गर्ने जिम्मेवारी न्यायपालिकामा रहेको छ ।

संसदले दिगो विकास लक्ष्यलाई प्राप्त गर्न सकिने सुहाउँदो वातावरण सुनिश्चित गर्न कानुनमा सुधार ल्याउन आवश्यक हुन्छ । राज्यको वार्षिक बजेटको सिद्धान्त र प्राथमिकतामाथि छलफल गरी बजेटलाई दिगो विकासअनुकूल बनाउन तथा बजेटलाई कानूनको स्वरूप दिन पनि संसद र सांसदको भूमिका अहम् रहन्छ ।

**(ख) निगरानी:** संसदले सरकार निर्माण गर्नेमात्र नभई सरकारको काम कारबाहीको निगरानीसमेत गर्ने गर्दछ । सरकारले आयव्ययको अनुमानलाई संसदबाट पारित गराएर मात्र कार्यान्वयन हुन्छ, बजेट तथा नीति कार्यान्वयन र उपलब्धिको सूचना तथा जानकारीसमेत संसदलाई दिनुपर्दछ । कानूनद्वारा कार्यपालिकालाई प्रत्यायोजन गरिएको विधायन अधिकारको प्रयोगको समेत संसदले वा संसदीय समितिमार्फत जानकारी लिने, निगरानी गर्ने र निर्देशन दिने गर्दछ भने संवैधानिक निकायको नियुक्तिको सुनुवाइ र कार्यसम्पादनको (मानव अधिकार आयोगबाहेक) निगरानीसमेत गर्दछ । सरकार तथा संवैधानिक अंगहरूका प्रतिवेदनहरु पनि संसदमा पेस र छलफल हुने गर्दछ जसले संसदीय निगरानीलाई सबल बनाउन सहयोग गर्दछ ।

**(ग) प्रतिनिधित्व:** संसद निर्वाचित संस्था भएकाले यसको महत्व सर्वाधिक रहेको छ । संसद भनेको जनताको आवाजलाई प्रतिनिधित्व गर्ने ठाउँ हो । संसदीय शासन प्रणालीमा संसदले सरकारको गठन, नीति निर्माण र नियन्त्रणका साथै जनताको प्रतिनिधित्व गर्दछ ।

## ३.१ दिगो विकासमा व्यवस्थापिकाको भूमिका

"जनताका निर्वाचित प्रतिनिधिका रूपमा सांसदहरूको आफ्ना मतदाताका आवश्यकताहरु प्रतिविम्बित र जवाफदेही हुने जनता केन्द्रित विकासलाई अगाडि बढाउनमा संसदले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । कानून तर्जुमा, सरकारका नीति तथा कार्यक्रमहरूको पुनरावलोकनसहित बजेटको लेखाजोखा गर्ने, आफ्ना मतदाताहरूको विचार प्रतिनिधित्व गर्नेजस्ता संवैधानिक कार्यादेशमार्फत सांसदहरु सबैका लागि दिगो विकास हासिल गर्न आवश्यक जवाफदेही, समावेशी,

सहभागितामूलक र पारदर्शी शासन व्यवस्था सुनिश्चित गर्ने कार्यमा मूल्यवान साझेदार हुन् ।"[२] दिगो विकास लक्ष्यले कसैलाई पछाडि नछोड्ने र सबै विकास जनता केन्द्रित हुने प्रतिबद्धता जनाउँदछ जुन निर्वाचित प्रतिनिधिहरूको सर्वाधिक महत्वपूर्ण दायित्वमा पर्दछ । संसदले सरकारले तयार गरेको दिगो विकासको मार्गचित्रले तयार गरेको आधार रेखा र उपलब्धिका राष्ट्रिय लक्ष्यहरूका सम्बन्धमा भएका प्रगतिको समीक्षा गर्न र सरकारलाई त्यसतर्फ क्रियाशील गर्न सहयोग र निर्देशित गर्न सक्दछ । यसैगरी संविधानबमोजिम प्रदेश तथा स्थानीय तहको कार्य जिम्मेवारीमा पर्ने दिगो विकास लक्ष्यहरूलाई स्थानीयकरण गरी तत् तत् तहबाट कार्यान्वयन गर्न गराउन र आवश्यक स्रोत साधन हस्तान्तरण गर्नसमेत सरकारलाई सहयोग गर्न सक्दछ । प्रदेश तथा स्थानीय तहका विधायिकाहरूले पनि आ–आफ्ना तहका सरकारलाई आफ्नो दायराका दिगो विकास लक्ष्यमा जिम्मेवार गराउन महत्वपूर्ण भूमिका खेल्न सक्दछन् ।

दिगो विकास लक्ष्य प्राप्तिमा विधायकहरूको भूमिकालाई थप प्रभावकारी बनाउन विशेषतः कानून निर्माण, बजेट प्रक्रिया, प्रगति अनुगमन र खबरदारी गर्ने क्रममा दिगो विकासको अवधारणा समाहित गर्न आवश्यक हुन्छ ।

## ३.३ दिगो विकास लक्ष्य र कानूनी संरचना

संसद र सांसदको मुख्य भूमिका कानून निर्माण नै हो । तसर्थ, संसदमा पेस भएका सम्पूर्ण विधेयकलाई दिगो विकास लक्ष्यको लेन्स लगाएर सूक्ष्म परीक्षण (Scrutiny) गरिनुपर्दछ । संसदमा पेस भएका विधेयक दिगो विकासको दृष्टिकोणबाट व्याख्या-विश्लेषण गर्ने कार्य सिंगो संसद र संसदीय समितिको जिम्मेवारी हो ।

संघीय संसद पेस हुने विधेयक प्रतिनिधिसभा र/वा राष्ट्रिय सभा दुवैमा पेस हुन सक्ने र सम्बन्धित सभाको निर्णयले छलफलका लागि सम्बन्धित सभाका विषयगत समितिमा पेस गर्ने निर्णय हुन सक्छ । विषयगत समितिहरु स्वतन्त्र समिति हुने भएकाले कुनै अमूक समितिले कार्यादेश वा निर्देश गर्न सक्ने अवस्था रहन्न । विषयगत समितिको क्षेत्राधिकार र प्राथमिकताका आधारमा दिगो विकास लक्ष्य प्राथमिकतामा नपर्न पनि सक्छ । तसर्थ, दिगो विकास लक्ष्यलाई संसद र समितिहरूको साझा एजेन्डा बनाउन दिगो विकास तथा

---

२. दिगो विकास लक्ष्यहरुको कार्यान्वयनमा संसदको भूमिका, संसदीय हातेपुस्तिका-गोप्याक, यूएनडिपी र आई.डि.बी.

सुशासन समितिले अन्य समितिहरूसँग सहकार्य गर्न निरन्तर संवादमा रही सहजकर्ताका रूपमा थप जिम्मेवारी वहन गर्नुपर्दछ ।

दिगो विकास तथा सुशासन समितिले सम्बन्धित विधेयकमा अन्य समितिहरूले दिगो विकास लक्ष्यको कुन-कुन पक्षलाई हेर्नुपर्ने हो र विधेयकमा के कस्तो थप व्यवस्था वा परिमार्जन आवश्यक पर्ने हो सोसमेत खुलाई संवाद र सहजीकरण गर्नुपर्दछ ।

यसका लागि दिगो विकास तथा सुशासन समितिको सचिवालयले विधेयकको सार र सन्दर्भ (Content and Context) को सूक्ष्म विश्लेषण गरी समितिलाई सुझाव र सल्लाह पेस गर्ने पद्धति विकास गरिनुपर्दछ ।

सरकारले संसदमा विधेयक पेस गर्दा संलग्न रहने आर्थिक टिप्पणी र प्रत्यायोजित व्यवस्थापनसम्बन्धी टिप्पणीका साथसाथै उक्त कानूनले दिगो विकासका लक्ष्यमा पुऱ्याउने योगदानसम्बन्धी टिप्पणी (अनुसूची-३) संलग्न हुने व्यवस्था भएमा विधेयकको दिगो विकास लक्ष्यसँगको सम्बन्ध र अपेक्षित योगदानबारे प्रस्ट हुन सहयोग पुग्दछ ।

## ३.४ दिगो विकास लक्ष्य र बजेट प्रक्रिया

योजना कार्यान्वयनका लागि आवश्यक स्रोत बजेटबाट विनियोजन हुन्छ । यसैले दिगो विकासका लक्ष्यहरूको कार्यान्वयनमा बजेट चक्र[3] का चरणहरूमा संसदीय निगरानी महत्वपूर्ण हुन्छ । बजेट तर्जुमा, स्वीकृति, कार्यान्वयन र




३. दिगो विकास लक्ष्यहरूको कार्यान्वयनमा संसदको भूमिका, संसदीय हातेपुस्तिका( गोप्याक, यूएनडीपी र आई.डी.बी.

मूल्याङ्कनका चरणहरूमा संसदले दिगो विकास लक्ष्यहरूका बारेमा घनिभूत रूपमा छलफल गरी निर्देशन, सुझाव, सुपरिवेक्षण र पृष्ठपोषण गर्न सक्दछ ।

बजेट चक्रको पहिलो चरण बजेट तर्जुमा नै हो । नेपाल सरकारले आ.व. २०७३/७४ देखि नै बजेट तर्जुमा गर्दा दिगो विकास लक्ष्य हासिल हुने कार्यक्रम राख्नुपर्ने व्यवस्थाका साथै बजेट तर्जुमा गर्दा प्रस्तावित कार्यक्रम/आयोजनाले दिगो विकासका १७ मध्ये कुन लक्ष्य हार्सल गर्न मद्दत पुऱ्याउँछ सो आधारमा कोर्डिङ गर्ने व्यवस्था गरेको छ ।[४] यसबाट बजेट कति दिगो विकास लक्ष्य उन्मुख छ भनी संसदले विश्लेषण गरी सरकारलाई सुझाव दिन सक्दछ ।

यस्तै, संसदले राष्ट्रपतिबाट संसदका दुवै सदनमा हुने नेपाल सरकारको नीति तथा कार्यक्रमसम्बन्धी सम्बोधनमा दिगो विकास लक्ष्यहरु समेटे नसमेटेको छलफल गरी नेपाल सरकारलाई सुझाव दिन सक्दछ । प्रतिनिधिसभाको अर्थ समितिमा हुने पूर्वबजेट छलफलमा आगामी बजेटको प्राथमिकताका बारेमा घनिभूत छलफल गरी दिगो विकास लक्ष्यउन्मुख बजेट तर्जुमाका लागि उत्प्रेरित र निर्देशित गर्न सकिन्छ । बजेटपूर्व अर्थमन्त्रीले संसदमा प्रस्तुत गर्ने बजेटका सिद्धान्त र प्राथमिकतामा हुने छलफलमा बजेटका प्राथमिकताहरूलाई दिगो विकासका दृष्टिले विश्लेषण गरी दिगो विकासका लक्ष्य प्राप्त गर्ने कार्यक्रमहरूलाई प्राथमिकता दिन निर्देशित गर्न सकिन्छ ।

दोस्रो चरणमा संसदमा प्रस्तुत बजेटमाथिको छलफल र स्वीकृति पर्दछ । संसदमा बजेट प्रस्तुत बजेट छलफलका क्रममा बजेटले संसद र संसदीय समितिका निर्देशनलाई कसरी समावेश गरिएको छ सो सम्बन्धमा घनिभूत छलफल हुन्छ । साथै गत वर्ष विनियोजित रकम सरकारले लिएका नीति तथा कार्यक्रम उद्देश्य मुताविक कार्यान्वयन भए नभएको बारे सघन छलफल गरी स्वीकृत बजेट, नीति र प्राथमिकताअनुसार अघि बढ्न सरकार (मन्त्रालय र निकायहरूलाई) संसदप्रति उत्तरदायी बनाइन्छ । बजेटमा गत वर्षको प्रगति प्रस्तुत हुँदा सरकारले सम्पादन गरेको कामका साथसाथै दिगो विकास लक्ष्यको प्रगतिलाई परिमाणात्मक लक्ष्य सूचकगत रूपमा समेत संलग्न गर्न लगाई प्रगतिको अवस्था विश्लेषण गर्न सकिन्छ । यसरी सरकारलाई दिगो विकासका लक्ष्यहरूको कार्यान्वयनप्रति उत्तरदायी बनाउने मुख्य भूमिका नै संसदमा रहेको हुन्छ ।

तेस्रो चरणमा बजेट कार्यान्वयन पर्दछ । यस चरणमा संसदले बजेट कार्यान्वयनको निगरानी गर्न सक्दछ । संसद र यसका समितिहरूले बजेट कार्यान्वयनको अनुगमन गर्ने, स्थलगत अवलोकन गरी सुझाव तथा प्रतिवेदन

---

४. बजेट तर्जुमा दिग्दर्शन, २०७३ (सातौं संस्करण), पृष्ठ ६७

गर्ने, मन्त्रीहरूलाई प्रश्न सोध्ने आदि कार्यले कार्यान्वयन प्रभावकारिता अभिवृद्धिमा सघाउ पुऱ्याउनका साथै बजेट कार्यान्वयनमा सरकारलाई सदनप्रति उत्तरदायी बनाउन सक्दछन् ।

चौथो चरणमा महालेखा परीक्षकको अन्तिम लेखापरीक्षण प्रतिवेदन, अन्य संवैधानिक निकायहरूको प्रतिवेदनमा छलफल गरी सरकारले गरेका राम्रा कामलाई प्रोत्साहन र औंल्याइएका कमी कमजोरी तथा कैफियतका सम्बन्धमा सुधारका लागि सुझाव दिन सक्दछ ।

## ३.५ संसदीय समितिको भूमिका

संसदको नियमित कार्यमा सहयोग पुऱ्याउन संसदमा समितिहरु रहेका हुन्छन् । यी समितिहरु मूलतः सरकारलाई संसदप्रति उत्तरदायी र जवाफदेही बनाउने, सरकारबाट भए गरेका कामकारबाहीको अनुगमन र मूल्याङ्कन गरी निर्देशन वा राय सल्लाह दिने कार्यहरु गर्दछन् । यी समितिले विधेयकहरूमा छलफल र परीक्षण, विषयगत समस्याहरूमा छलफल, सम्बद्ध निकायहरूसँग समन्वय र निगरानीको महत्वपूर्ण भूमिका निर्वाह गर्दछन् । संसदको बैठक निरन्तर बस्न नसक्ने र सबै विषयमा संसदमा छलफल हुन सम्भव नहुने हुँदा संसदीय कार्यलाई मिहिन तवरले अघि बढाउने कार्य संसदीय समितिले गर्दछन् । यसैले संसदीय समितिहरूलाई लघु संसद (Mini Parliament) पनि भन्ने गरिन्छ । सबै मन्त्रालय र निकायहरु कुनै न कुनै समितिहरूको विषय क्षेत्रमा पर्दछन् । संसदीय समितिले निम्न रूपमा दिगो विकास लक्ष्यहरूका सम्बन्धमा उत्तरदायी बनाउन सक्दछः

(क) **वार्षिक बजेटलाई दिगो विकास लक्ष्यअनुरूप तर्जुमाः** संसदका विषयगत समितिहरूले आ–आफ्नो विषय क्षेत्रगत छलफलमा सम्बन्धित मन्त्रालयले बजेट तर्जुमाका बखत राष्ट्रिय योजनाबाट निर्दिष्ट दिगो विकास लक्ष्यमा आधारित (Align) हुन निर्देशित गर्ने र नेपाल सरकारका विषयगत नीति, योजना तर्जुमा गर्दा दिगो विकास लक्ष्यलाई समाहित गरे नगरेको लेखाजोखा गरी विषयगत मन्त्रालय र निकायहरूलाई उत्तरदायी बनाउने भूमिका निर्वाह गर्न सक्दछ । यसैगरी बजेट कार्यान्वयनको मूल्याङ्कनका क्रममा पनि दिगो विकासका दृष्टिले विश्लेषण गर्नु उपयुक्त हुन्छ ।

(ख) **सचेतना अभिवृद्धिः** दिगो विकास लक्ष्य हासिल गर्न संघ, प्रदेश र स्थानीय तहका साथै निजी, सहकारी र घरपरिवार तहसम्मको भूमिका रहन्छ । यसका निमित्त तीनै तहका व्यवस्थापिकाका सदस्यहरु र समुदाय तहसम्म दिगो विकास लक्ष्यका बारेमा जानकारी प्रवाह आवश्यक हुन्छ । संघीय संसदले प्रदेशसभा र प्रदेशसभाले स्थानीय तहका सभासम्म दिगो विकास

लक्ष्यका बारेमा जानकारी प्रवाह र ती सभाहरु एवं सभाका समितिहरूको क्षमता विकास गर्न सहयोग पुऱ्याउन सक्दछ ।

(ग) **दिगो विकास लक्ष्य प्रगतिको सिंहावलोकन:** संसदीय समितिहरूले आ-आफ्ना विषय क्षेत्रका मन्त्रालय निकायहरूसँग दिगो विकास लक्ष्यको राष्ट्रिय मार्ग चित्रअनुसार कार्यान्वयन प्रगतिका बारेमा जानकारी प्राप्त गरी त्यसको विश्लेषण गर्नुपर्ने हुन्छ । यसक्रममा विषयगत मन्त्रालय र अन्य सरोकारवालाहरूसँग समेत छलफल गरी सम्बन्धित निकायहरूलाई निर्दिष्ट लक्ष्य हासिल गर्न जिम्मेवार बनाउन सकिन्छ ।

(घ) **समन्वय:** समितिले राष्ट्रिय योजना आयोग र विषयगत मन्त्रालय/निकायबाट दिगो विकास लक्ष्यहरूको आवधिक प्रगतिमा देखिएका कमी तथा समस्या र यस सम्बन्धमा महालेखा परीक्षक, अन्य संवैधानिक निकायहरूले यस सम्बन्धमा औंल्याएका विषयमा अर्थ मन्त्रालय, विषयगत मन्त्रालय/निकाय, राष्ट्रिय योजना आयोगसँग छलफल र परीक्षण (Verification) गरी आवश्यक समन्वय र निर्देशन दिन सक्दछन् ।

(ङ) **दिगो विकास तथा सुशासन समितिको भूमिका:** दिगो विकास लक्ष्यसम्बन्धी संघीय संसदमा रहेको दिगो विकास तथा सुशासन समितिले नेपाल सरकारकाले अख्तियार गरेको दिगो एवं सन्तुलित विकास र सुशासन प्रवर्द्धन, दिगो विकास लक्ष्यको कार्यान्वयन, राज्य सरकारले अख्तियार गरेको नीतिगत तथा कानूनी व्यवस्था एवं संस्थागत सुधारका सम्बन्धमा गर्नुपर्ने कार्यलाई नजिकबाट नियाल्ने र आवश्यक कार्यका लागि सरकारलाई निर्देशन दिई योगदान पुऱ्याउन सक्दछ ।

परिच्छेद 8

# दिगो विकास परीक्षण सूची

## ४.१ परीक्षणका आधारभूत पक्ष

संसद वा दिगो विकास समितिले छलफलका लागि प्रस्तुत हुन आएका कानूनहरूको दिगो विकासका दृष्टिले परीक्षण र विश्लेषणका लागि विधेयकको सार र सन्दर्भ अध्ययन गरी सुझाव पेस गर्ने प्रयोजनका लागि देहायबमोजिम परीक्षण गर्न सकिन्छ:

(क) प्रस्तुत विधेयकमा दिगो विकास लक्ष्यको कुन-कुन लक्ष्य र तथा परिमाणात्मक लक्ष्य सूचकहरु (Goal and Targets) आकर्षित हुन्छ र सोको विवरणिका (Narrative) तयार गर्ने ।

(ख) सम्बन्धित मन्त्रीले संसदसमक्ष पेस गरेको परिचयात्मक पृष्ठभूमिको दिगो विकास लक्ष्यलाई के कति हदसम्म समावेश गरेको छ ?

(ग) सम्बन्धित समितिले विधेयकको दिगो विकास लक्ष्यको सूचक के कसरी मापन गर्ने ? सोको आधार तयार गर्ने ।

(घ) प्रस्तुत विधेयक के कति हदसम्म असमानता न्यून गर्न सक्छ ? सोको विवरण तयार गर्ने ।

संसदीय कार्यक्षेत्रका उपर्युक्त प्रत्येक विधामा संसदभित्र र बाहिर सांसदको भूमिकालाई दिगो विकास लक्ष्यमैत्री बनाउन देहायका मूल विषय क्षेत्रमा रही परीक्षण सूची (Check list) निर्धारण गरिएको छ:

(क) आधार रेखा (Base line)

(ख) सूचकहरु (Indicators) र लक्ष्य (Targets)

(ग) सार तथा परिवेश (Content and Context)

(घ) अनुगमन तथा मूल्यांकन (Monitoring & Evaluation)

(ङ) निगरानी (Oversight)

माथि उल्लिखित आधारहरूलाई दिगो विकास लक्ष्यका प्रत्येक लक्ष्यलाई विस्तृतीकरण परीक्षण सूची निर्धारण गरिएको छ । यी सूचीहरु नेपाल

सरकारका नीति तथा कार्यक्रम, बजेट र संसदीय क्रियाकलाप (विधेयक, समितिगत छलफल, प्रश्नोत्तर आदि) को बदलिँदो स्वरूपलाई ध्यानमा राखी आवश्यकताअनुसार आवधिक पुनरावलोकन गरिनु वाञ्छनीय हुनेछ ।
नेपाल सरकारका तर्फबाट संसदमा पेस हुने विधेयक, नीति, कार्यक्रम, बजेट आदिमा संसद तथा संसदीय समितिमा छलफल गर्दा वा निर्णय गर्दा दिगो विकास लक्ष्यअनुरूप भए नभएको निक्र्योल गर्न सहज होस् भन्ने उद्देश्य राखी प्रत्येक लक्ष्यको छुट्टाछुट्टै परीक्षण सूची तयार गरिएको छ ।

## ४.१ परीक्षण सूची (Check List)

दिगो विकास लक्ष्यका सूची परिमाणात्मक लक्ष्यहरूका केही प्रतिनिधिमूलक लक्ष्य सूचकहरू मात्र प्रस्तुत परीक्षण सूचीमा रहेका छन्, यससम्बन्धी विस्तृत विवरणका लागि "दिगो विकास लक्ष्यहरू वर्तमान अवस्था र भावी मार्गचित्र: २०१६-२०३०" हेर्नु आवश्यक हुन्छ ।



## ४.२.१ सबै प्रकारका गरिबीको अन्त्य

**दिगो विकास लक्ष्य १: हरेक क्षेत्रमा रहेको सबै प्रकारका गरिबीको अन्त्य गर्ने (End poverty in all its forms everywhere)**

